श्री सूचना प्रविधि अ. Facebook page, website मा अपलोड गर्नु ।
०७७/०७/२६

जिल्ला प्रशासन कार्यालय सिरहा नेपाल

जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०७/२६ गते मङ्गलवारबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**बिशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

| क.स. | पद | नाम थर | कार्यालय | हस्ताक्षण |
|---|---|---|---|---|
| १ | प्र.जि.अ. | प्रदीपराज कणेल | जि.प्र.का.सिरहा | |
| २ | प्रमुख सेनानी | जितेन्द्र कुमार गौली | शेरगण चोहरवा व्यारेक | |
| ३ | प्रहरी उपरीक्षक | उमा शंकर पंजियार | जिल्ला प्रहरी कार्यालय | |
| ४ | स.प्र.उ. | दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल ने. ७७०७ | |
| ५ | उप.अनु. नि. | तुलसीराम प्रसाई | जि.रा.अ.का.सिरहा | |
| ६ | के. प्र. | देव कुमार पाण्डेय | ने. प. महासंघ | |
| ७ | अध्यक्ष | प्रमोद कुमार पोद्दार | सिरहा उ.वा. संघ | |
| ८ | ज. स्वा. नि. | योगेन्द्र कु यादव | स्वा. का. सिरहा | |
| ९ | मे. सु. | डा. नागेन्द्र प्रसाद यादव | जिल्ला अस्पताल सिरहा | |
| १० | सभापति | रामदेव यादव | रेडक्रस सिरहा | |
| ११ | उप-प्रमुख जि.स.स. सिरहा | सुरेश कुमार यादव | जि. स. समिति सिरहा | |
| १२ | | | | |
| १३ | | | | |

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनबाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनबाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु | म. | ज. | | | पु | म | ज | | | | | | | | |
| सिरहा | ० | ० | ८ | १८५ | ० | ० | ० | ८५०३ | ११५ | ७३ | २३ | ९६ | १४४१ | ११४५७ | ११४५७ | १५५८ | ९६ | १४४१ | २२ | ३४०० |

२. गृह मन्त्रालय (राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण शाखा) को च.नं. १३२ मिति २०७७/०७/२५ को प्राप्त निर्देशन बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिहरुबाट विपद् व्यस्थापन सम्वन्धि प्रतिवेदन प्राप्त गरी एकिकृत प्रतिवेदन तयारी गरी पेश हुनका साथै ति सबै प्रतिवेदनहरुका आधारबाट प्रादेशिक र राष्ट्रिय प्रतिवेदन तयार हुने तथा ति तथ्याङ्कहरुलाई अन्तराष्ट्रिय रुपमा समेत प्रस्तुत गर्नुपर्ने बारेको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम विपद् व्यवस्थापन सम्वन्धि वार्षिक प्रतिवेदन १७ वटै स्थानीय तहलाई जिल्ला प्रशासनमा पठाउन अनुरोध गर्ने।

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्र शाखा) को च.नं. १३६५ मिति २०७७/०७/१९ को प्राप्त निर्देशन बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन् तथा विपद् व्यवस्थापन इकाईको च.नं. ६२९ मिति २०७७/०७/१७ गतेको पत्रबाट विश्वमा फैलिएको कोभिड-१९ को रोगको रोकथाम तथा नियन्त्रण सम्वन्धमा बसेको ICS बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तयार गरेका स्वास्थ्यका मापदण्ड तथा निर्देशिकाहरुको पालना भएको नपाईएको हुनाले उक्त मापदण्डहरुलाई पूर्ण रुपमा पालना गर्न गराउने व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउने।

४. गृह मन्त्रालय (राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण) को च.नं. १२४ मिति २०७७/०७/२० को प्राप्त निर्देशन बमोजिम बतिहरुको चाडकारुपमा रहेको शुभ दीपावली-२०७७ (तिहार) तथा छठ पर्व नजिकिदै गइरहेको सन्दर्भमा चाडपर्वका समयमा हुने (विपद् कोरोना भाईरस (कोभिड-१९) संक्रमण, आगलागी, सवारी दुर्घटना) का घटनाहरुलाई मध्यनजर गर्दै यस सम्वन्धमा पूर्वतयारी एवम् प्रतिकार्य सहितको रणनैतिक योजना तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने साथै त्यसको नियमित प्रगति समेत विपद् व्यवस्थापन प्राधिकरणमा उपलव्ध गराउने वारेको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउने ।

५. गृह मन्त्रालय (सीमा तथा अध्यागमन शाखा) को च.नं. १५९० मिति २०७७/०७/२४ को प्राप्त निर्देशन बमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०७/०४ गतेको निर्णय कार्यान्वयनका लागि तयार भएको **उत्पादनशील उद्योगकालागि विदेशी श्रमिक ल्याउने सम्वन्धि कार्यविधि,२०७७** को व्यहोरा बैठकमा अवगत भयो। साथै सोही कार्यविधि बमोजिम गर्ने गराउने।

प्रमुख जिल्ला अधिकारी

६. गृह मन्त्रालय विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको च.नं. ६४ मिति २०७७/०७/१३ को प्राप्त पत्रबाट माँग भई आएको तपसिलका विवरण स्थानीय तह, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी लगायतका निकायसँग विवरण उपलब्ध गराउन अनुरोध गर्ने।

**तपसिल:**

- नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु, स्थानीय तहहरु, UN Agencies, NGOs लगायतसँग जिल्लामा शीतलहरको प्रभाव न्यूनीकरणको लागि मौजदातमा रहेको सामाग्रीको विवरण।
- प्रभावित हुन सक्ने अनुमानित विपन्न परिवार संख्या (ठेगाना सहित)।

७. सशस्त्र प्रहरी बल , नेपाल नं. ७ गण हे.क्वा.,सिरहाको प.सं. २०७७/०७८/५५९ मिति २०७७/०७/०४ को पत्रबाट त्यस गण मातहत निम्न सुरक्षा बेश तथा बोर्डर आउट पोष्टहरुको लागि कार्यालय संचालन गर्न भवन निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकारको नाममा दर्ता कायम भएका देहायका जग्गाहरुको सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनिति २०७१ बमोजिम स्थानीय सिफारिस समितिको निर्णय र विपद् व्यवस्थापन समितिको निर्णय आवश्यक पर्ने भएको भनी सिफारिस माँग भई आएको हुँदा सशस्त्र प्रहरी बल नं. ७ गणका मातहतका रहेका तपसिलका बि.ओ.पि.हरुलाई देहायका जग्गा उपलब्ध गराउन सम्वन्धित निकायमा अनुरोध गर्ने।

**तपसिल:**

१. सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.कवा. सिरहा मातहत सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश गोलबजारले हाल भोगचलन गरिरहेको गोलबजार नगरपालिका वडा नं. ६ साविक सिरहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ७ (क) कित्ता नं. २९३ ज.बि. ०-४-१५, कित्ता नं.८६ ज.बि. ०-५-६ र कित्ता नं.८५ ज.बि ०-५-१० जम्मा जग्गा बिगाह ०-१५-११ मध्येबाट जम्मा जग्गा बिगाह ०-११-० (एघार कठ्ठा) जग्गा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश गोलबजारलाई भवन निर्माण तथा कार्य संचलान गर्न दर्ता तथा लिजमा दिनको लागि गोलबजार नगरपालिकाको निर्णय समेत भएको ।

२. सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. सिरहा मातहत बि.ओ.पि. बडहरीले हाल भोगचलन गरी रहेको सिरहा जिल्ला, बरियारपट्टी गाँउपालिका वडा नं. १ बडहरी अवस्थित साविक कचनारी गा.बि.स., वडा नं. ९ "ख" को कित्ता नं. ५४० को ज.बि. २-४-०, (दुई बिगाह चार कठ्ठा) ऐलानी जग्गा मध्ये पश्चिमबाट २४ फिट बाटो छाडी दक्षिण तर्फबाट ज.बि. ०-१५-० (पन्ध्र कठ्ठा) जग्गा बि.ओ.पि. बडहरीलाई भवन निर्माण तथा कार्यालय संचालन गर्न दर्ता तथा लिजमा दिनको लागि बरीयारपट्टी गाँउपालिकाको निर्णय समेत भएको ।

३. यस सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. सिरहा मातहत बोर्डर आउट पोष्ट नवराजपुरले भोगचलन गरिरहेको जिल्ला सिरहा नवराजपुर गाउँपालिका अन्तर्गत रहेको साविक नवराजपुर गा.वि.स. वडा नं.२ को कित्ता नं. १९१ ज.बि. १२-१३-१५, मध्ये ज.बि. ०-१७-१०, कित्ता नं.१९२ ज.बि.०-४-१५ मध्ये ०-२-१० जग्गा र कित्ता नं.१९३ ज.बि. ०-५-११ मध्ये ०-५-० गरि जम्मा जग्गा बिगाह १-५-० (एक बिघा पाँच कठ्ठा) । सीमा प्रहरी चौकी झाँझपट्टी देखि दक्षिणतर्फ, पश्चिममा सडक र पोखरी देखि पुर्व तर्फको १-५-० (एक बिघा पाँच कठ्ठा) जग्गा बि.ओ.पि. नवराजपुरलाई भवन निर्माण तथा कार्यालय संचालन गर्नका लागि दर्ता तथा लिजमा दिन नवराजपुर गाँउपालिकाको निर्णय समेत भएको।

८. जिल्ला प्रहरी कार्यालय सिरहा अन्तर्गतको सीमा प्रहरी चौकी झाँझपट्टी नवराजपुरले भोग चलन गरिरहेको सिरहा जिल्ला नवराजपुर गाउँपालिका वडा नं.- ४ साविक नहरनिया नवराजपुर गा.वि.स. वडा नं. ३ ऐलानी सार्वजनिक जग्गा साविक कित्ता नं.१९१ को बाटो देखि दक्षिणबाट जग्गा वि. ०-१५-० जग्गा सीमा प्रहरी चौकी झाँझपट्टी नवराजपुरले भवन निर्माण प्रकृया मिलाउनको लागि सो जग्गा प्रहरी कार्यालयको नाममा रहनुपर्ने भएको सन्दर्भमा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनिति,२०७१ बमोजिम कारवाहिको लागि जिल्ला प्रहरी कार्यालय सिरहाबाट विपद् प्रयोजनको चेकलिष्ट भरी प्राप्त भएको र सोही कार्यानिति अनुसार उक्त जग्गाको लागि सम्वन्धित निकायको केन्द्रिय निकायबाट सहमति आवश्यक हुने भएकोले प्रहरी कार्यालयको केन्द्रिय निकायको सहमतिको लागि लेखि पठाउने।

९. यस जिल्लामा विभिन्न विपद्को समयमा घर पूर्ण रुपमा नष्ट भै वा पूर्ण रुपमा नष्ट हुने जोखिममा रही नेपालको कुनै पनि स्थानमा हाल सम्म घर बास नभएका समेतका परिवारहरुको देहायको विवरण लिई पेश गर्ने ;

क. विपदमा घर पूर्ण क्षती भै हाल सम्म बसोबास गर्ने ठाउँ नभई अन्यत्र बसोबास गरेकाहरुको विवरण।

- घरमुलिको नाम थर, ठेगाना।
- परिवार संख्या।

ख. अतिविपन्न घरपरिवार

- घरमुलिको नाम थर, ठेगाना
- घरपरिवारको संख्या

१०.शीतलहर पूर्व तयारी तथा प्रतिकार्य योजना,२०७७ को कार्यान्वयन स्थिती र प्रगति खुलाई पठाउने (उद्धार सामाग्री समेत)।

११.शेर गण चोहर्वा व्यारेक, सिरहाको च.नं. ३३ मिति २०७७/०७/२० को प्राप्त पत्र बमोजिम कोभिड-१९ कोरोना भाईरसका कारण मृत्यू भएका व्यक्तिहरुको शव व्यवस्थापनमा खट्टिएका जन शक्तिलाई शव व्यवस्थापन कार्यमा स्वास्थ्य सुरक्षाका लागि गम **बुट ५० जोर, K95 Mask 200, फेश सिल्ड १०० गोटा, डेड बडि प्याकिङ्ग ब्याग २० गोटा, स्प्रे ट्याङ्की १ गोटा, स्यानीटाईजर २५ लिटर, Hypochloride Solution 50 लिटर** माँग भई आएको हुँदा सो सामाग्री जिल्ला विपद् व्यवस्थापन समितिको कोषबाट उपलब्ध गराउने।

२०७७/०७/२६

प्रमुख जिल्ला अधिकारी